ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : १८ | प्रमाणिकरण : २०७५।०८।०६
प्रकाशन मिति : २०७५।०८।०६

## भाग - २

## ठाकुरबाबा नगरपालिका

## गर्भवती महिलाहरुलाई पोषण सुधार कार्यविधि, २०७५

**प्रस्तावना :**

ठाकुरबाबा नगरपालिका भित्रका सम्पुर्ण आमा तथा बालबालिकाहरुको गुणस्तरिय स्वास्थ्यका लागी "गर्भवती पोषण स्वास्थ्य भत्ता" वितरण मार्फत पोषण स्थितीमा सुधार ल्याउनका लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (झ) बमोजिम यो संचालन कार्यविधी बनाईएको छ

गर्भवती महिलाहरुलाई पोषण सुधार कार्यविधि, २०७५

## परिच्छेद : १
## नाम, प्रारम्भ र परिभाषा

**१.१ नाम र प्रारम्भ** : (१) यस कार्यविधीको नाम " **गर्भवती महिलाहरुलाई पोषण सुधार कार्यविधि, २०७५** " रहेको छ ।

(२) यो कार्यविधी २०७५ साउन १ गते देखि नै लागु हुने छ ।

**१.२ परिभाषा :**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१.गर्भवती भन्नाले "नगरपालिका भित्रका स्वास्थ्य संस्थामा गर्भजांच गरेको महिलालाई सम्झनु पर्छ ।"

२. पहिलो गर्भवती जांच भन्नाले "सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत पहिलो गर्भ जांच ९१ दिन पछि आउनेलाई सम्झनु पर्छ ।"

३. चौथो गर्भ जांच भन्नाले "सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत प्रोटोकल (चौथो, छैठौ, आठौ र नवौ महिनामा) अनुसार चौथो जांचगर्न आउनेलाई सम्झनु पर्छ ।"

## परिच्छेद : २
## उद्देश्य र भत्ता सम्बन्धि व्यवस्था

**२.१ गर्भवती महिलाहरुलाई गर्भवती पोषण सुधार भत्ता वितरण कार्यविधीको उद्धेश्य :**

यस कार्यबिधीको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

१. गुणस्तरिय स्वास्थ्य सेवा अन्तर्गत गर्भवतीको पोषण स्वास्थ्य सुधार गर्न ।

२. मातृ तथा शिशुमृत्यु दरमा कमि ल्याउने छ ।

३. कम्तीमा चार पटक गर्भवती जांच गर्ने महिलाहरुको सुचकमा बृद्धि हुने छ ।

२.२ परामर्श सेवा प्रदान

क) गर्भवति तथा सुत्केरीहरुको पुर्व तयारी सम्बन्धि जानकारी दिने ।

ख) खतराका चिन्हहरु बारे जानकारी दिने ।

ग) पोषण, व्यक्तिगत तथा वातावरणीय सरसफाई सम्बन्धि सचेतना गर्ने ।

घ) सुरक्षित सुत्केरी सेवा सम्बन्धमा जानकारी दिने ।

ङ) पुर्ण खोप सम्बन्धमा जानकारी दिने ।

च) परिवार नियोजन सम्बन्धि जानकारी दिने ।

छ) गर्भवति पोषण सुधार कार्यक्रम सम्बन्धि व्यवस्था गर्ने ।

**२.३ गर्भवती पोषण सुधार भत्ता सम्बन्धि व्यवस्थाः**

१. गर्भवती आमाहरुको पोषण स्वास्थ्य सुधारका लागि पहिलो पटक गर्भवती जांच गराउन आउंदा रु ५००/-अक्षररुपी रु पांच सय प्रदान गर्ने ।

गर्भवती महिलाहरुलाई पोषण सुधार कार्यविधि, २०७५

२. सुरक्षित मातृत्व कार्यक्रमको प्रोटोकल अनुसार चौथो पटक गर्भवती जांच गराउने आमालाई थप रु. ५००/- अक्षररुपी रु पांच सय प्रदान गर्ने ।

३. पोषण स्वास्थ्य सुधार भत्ता सम्बन्धित स्वास्थ्य संस्थाले वितरण गर्नुपर्ने छ ।

४. सम्बन्धित स्वास्थ्य संस्थाले मासिक रुपमा वितरण गरिएको रकमको प्रगती प्रतिवेदन पठाउनु पर्ने छ ।

५. सुनौलो हजार दिनका आमाहरु स्थायी वा अस्थायीरुपमा न.पा.को बासिन्दा हुनुपर्ने छ ।

६. भत्ता प्राप्त गर्नका लागी परिचय खुल्ने दस्तावेज अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ ।

७. रकम भुक्तानीगर्ने बेलामा गर्भवती जांचको (गर्भवती जांच कार्ड) को छाया प्रतिलिपी अनिवार्य संलग्न गर्नुपर्ने छ ।

## परिच्छेद : ३
## विविध

**३.१** यस कार्यविधिको व्याख्या अधिकारी नगर कार्यपालिकामा रहनेछ ।

आज्ञाले

पित्री भक्त गिरी

नि.प्रमुख प्रशासकीय अधिकृत

गर्भवती महिलाहरुलाई पोषण सुधार कार्यविधि, २०७५